# बालबालिका हुर्काइ रहनु भएको परिवारलाई बिशेष राहत रकम वितरणको बारेमा

## बालबालिका हुर्काइ रहनु भएको परिवारलाई अस्थायी रुपमा वितरण गरिने बिशेष राहत रकम

कोरोना भाइरस संक्रमण न्यूनीकरणका लागि बच्चा हुर्काउदै गरेका व्यक्तिलाई जापान सरकारले रकम बितरण गर्दैछ ।

**Q．कसले प्राप्त गर्न सक्छन ?**

A．बाल भत्ता प्राप्त गर्ने सबैले प्राप्त गर्न सक्नु हुन्छ ।

**Q．कति रकम पाईन्छ ?**

A．बाल भत्ता पाई रहेको बालबालिका हरेकले प्रति व्यक्ति १०,००० येन पाउनु हुन्छ ।

**Q．के प्रक्रिया पुरा गरेमा उक्त रकम पाईन्छ ?**

A．कुनै आबेदन दिन पर्दैन । बाल भत्ता आउने बैंक खातामा आफै आउँछ ।

**Q．राहत रकम कहिले पाईन्छ ?**

A．जुन महिनाको मध्य तिर खातामा दाखिला गर्ने योजना छ । अन्य विवरण हाल निश्चित भई सकेको छैन ।

## बालबालिका हुर्काइ रहनु भएको परिवारलाई तोयोनाका नगरपालिकाले वितरण गर्ने बिशेष राहत रकम

यो तोयोनाका नगरपालिकाले वितरण गर्ने बिशेष राहत रकम हो । ※बालबालिका हुर्काइ रहनु भएको सवै परिवारलाई प्रदान गर्ने भन्ने होइन ।

**Q．कसले पाउन सक्छन ?**

A．२०२० साल अप्रिल २८ तारिक सम्ममा तोयोनाका नगरपालिकामा बसोबास गर्नु हुने व्यक्तिहरु मध्ये,

- बाल सहयोग भत्ता (जिदो फुयो तेआते) प्राप्त गरिरहनु भएका सबैले पाउन सक्नु हुन्छ ।
- बाल भत्ता (जिदो तेआते) प्राप्त गरि रहनु भएका व्यक्तिहरु मध्ये परिवारको संख्या र आम्दानीका आधारमा पाउने नपाउने निधो गरिन्छ । यदि पाउने भएमा तोयोनाका नगरपालिकाले चिठी पठाउनेछ ।

**Q．कति रकम पाईन्छ ?**

A．एक परिवारले ५०,००० येन पाउन सक्नु हुन्छ । यो रकम एक पटक मात्र पाईन्छ ।

**Q．कस्तो प्रक्रिया पुरा गरेमा उक्त रकम पाईन्छ ?**

A．कुनै आबेदन दिन पर्दैन । मे २० तारिकमा बैंक खातामा दाखिला गरिने छ ।

**Q. बालबालिका हुर्काइ रहनु भएको परिवारलाई तोयोनाका नगरपालिकाले वितरण गर्ने बिशेष राहत रकम प्राप्त गरे पनि बालबालिका हुर्काइ रहनु भएको परिवारलाई जापान सरकारले दिने अस्थायी रुपमा वितरण गर्ने बिशेष राहत रकम प्राप्त गर्न सकिन्छ ?**

A．प्राप्त गर्न सकिन्छ ।

बिस्तृत बिबरणको लागि नगरपालिकाको होमपेज हेर्नुहोस (जापानी भाषामा मात्र)
https://www.city.toyonaka.osaka.jp/kosodate/kosodate/kosodate_topics/tokubetukyuuhukin.html

**तोयोनाखा कोकुसाई को-यु क्योखाई एशोसियशन फर तोयोनाखा मल्टिकल्चरल सिम्बोसिस (ATOMS)**
Tel:06-6843-4343 E-mail:atoms1@a.zaq.jp